# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

खण्डः ४ संख्याः २१ मितिः २०७७/१२/२५

भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिकाको कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः** कृषि कार्यमा सहजता ल्याउन तथा कृषि उत्पादनमा लागत घटाई कृषिको व्यवसायीकरणलाई प्रवर्द्धन गर्नको लागि कृषि उपज उत्पादन क्षेत्रमा प्रयोग हुने उन्नत तथा आधुनिक मेसिनरी औजार उपकरण खरिदमा अनुदान उपलब्ध गराउने उद्देश्यले बन्दीपुर गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कृषि यान्त्रिकरण कार्यकम सञ्चालन कार्यविधि २०७७**" रहने छ।

(२) यो कार्यविधि बन्दीपुर गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**: (१) बिषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्नेछ।

(ख) "शाखा" भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ।

(ग) "कार्यविधि" भन्नाले "कृषि यान्त्रिकरण कार्यकम सञ्चालन कार्यविधि २०७७" सम्झनुपर्नेछ।

(घ) "कृषि यन्त्र" भन्नाले मिनी टिलर (अधिकतम १० एच.पि. सम्म) र यसका एट्याचमेन्टहरू (पेट्रोल र डीजेल दुवै), कुटानी पिसानी मिल(अधिकतम ३ एच. पी. सम्म) वा गाउँकार्यपालिकाले तोकेका अन्य कृषि उपकरण सम्झनुपर्नेछ।

(ङ) "आवेदक" भन्नाले कृषि यन्त्रीकरणमा अनुदान लिन आबेदन दिएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनीलाई सम्झनु पर्नेछ।

## परिच्छेद-२

## कृषक छनोटमा प्राथमिकता

३. **कार्यक्रम संचालनका लागि कृषक छनोटका प्राथमिताका आधारहरु :** (१) यस कार्यक्रम सञ्चालनका लागि निम्न अनुसारका कृषकहरूलाई प्राथमिकता दिइनेछ।

(क)बिपन्न, कमजोर आर्थिक स्थिति भएका र समुहमा खेति गर्दै आयका कृषकहरू,

(ख)कृषि पेशा बाहेक अन्य कुनैपनि रोजगारी नभएका कृषकहरू,

(ग) समूह दर्ता गरेका किसानहरू,

(घ) एकल तथा आर्थिक स्थितिमा कमजोर भएका महिला कृषकहरू,

(ङ) कृषि सहकारी/कृषक समूहमा आउने कृषकहरू।

## परिच्छेद-३

## कार्यक्रम संचालन

५. **कार्यक्रम सञ्चालन गर्ने शाखा:** (१) यो कार्यक्रम बन्दीपुर कार्यालयको शाखाबाट सञ्चालन हुनेछ।

**६. <u>प्रस्ताव माग गर्ने :</u>** (१) शाखाले अनुदानमा कृषि यन्त्र वितरणका लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदकले अनुसूची- १ मा तोकिए बमोजिमको ढाँचामा शाखामा आवेदन दिन सक्नेछन् ।

**७. <u>स्पेशिफिकेशन र लागत अनुमान तयार गर्ने</u>:** कार्यालयले नेपाल सरकार बाट मान्यता प्राप्त कृषि इन्जिनीयर वा कृषि यान्त्रीकरण सम्बन्धि कार्य गर्ने सरकारी कार्यालयबाट कृषि यन्त्रको स्पेशिफिकेसन र प्रचलित बजार मूल्यको आधारमा कृषि यन्त्रको  लागत अनुमान तयार गर्नेछ ।

## परिच्छेद-४

## <u>छनोट तथा सम्झौता</u>

**८. <u>लाभग्राही कृषक छनोट समिति</u>:** (१) कृषि यन्त्रमा अनुदान प्राप्त गर्ने लाभग्राही छनोटको लागि गाउँपालिकामा एक छनोट समिति रहनेछ ।

प्रमुख प्रशासाकिय अधिकृत - संयोजक

पशु विकास शाखा प्रमुख - सदस्य

योजना शाखा प्रमुख - सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(२) छनोट समितिले दफा ३(१) का प्राथमिकता र अनुसुची- २ का मूल्याङ्कनका आधारमा रही कृषक छनोट गर्नेछ ।

(३) मुल्यांकन भइ छनौट भएका कृषकहरुलाई कार्यालयले सार्बजनिक सूचना प्रकाशन गरि सम्झौताको लागि आह्वान गर्ने छ ।

(४)  अनुसूची-३ बमोजिमको सम्झौता गरे पछि कृषकले कार्यालयबाट प्रदान गरिएको स्पेशिफिकेशन अनुसारको यन्त्र खरिद गर्न सक्नेछन ।

## परिच्छेद-५

## <u>अनुगमन समिति</u>

**९. <u>वडास्तरीय अनुगमन समिति</u>:**  (१) सम्बन्धित वडामा छनोट भएका कृषकले तोकिएको कृषि यन्त्र खरिद गरे/नगरेको सम्बन्धमा अनुगमन गरि गाउँपालिका स्तरीय अनुगमन समितिलाई सिफारिस गर्न एक वडा स्तरीय अनुगमन समिति रहनेछ ।

वडा अध्यक्ष - संयोजक

वडा अदक्ष्यले तोकेको वडा सदस्य - सदस्य

सम्वन्धित वडा हेर्ने कृषि प्राविधिक - सदस्य

**१०. गाउँपालिका स्तरीय सिफारिस समितिः** (१) वडा स्तरीय अनुगमन समितिबाट सिफारिस भएका कृषकहरूलाई अन्तिम भुक्तानीको लागि कार्यालयमा सिफारिस गर्न एक गाउँपालिका स्तरीय सिफारिस समिति रहनेछ।

गाउँपालिका उपाध्यक्ष - संयोजक

गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद-६

## भुक्तानी

**११. भुक्तानीको प्रक्रियाः** (१) सम्झौता बमोजिमको यन्त्र खरिद गरिपछि अनुदानग्राहीले वडा स्तरीय अनुगमन समितिको रोहवरमा सार्वजनिकरण गरि गाउँपालिका स्तरीय सिफारिस समितिबाट सिफारिस गराई भुक्तानीको लागि अनुसूची-४ को ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ।

**१२. अनुदान प्राप्त हुने रकमः** (१) अनुदानग्राहीले कार्यालयबाट स्वीकृत लागत अनुमानमा नबढ्ने गरि तोकिएको स्पेशिफिकेसन अनुसारको यन्त्र खरिद गरेबापत लागत अनुमानको ५०% रकम बैंक खातामार्फत प्राप्त गर्नेछन।

(२) अनुदानग्राहीले कार्यालयले तोकेको लागत अनुमान भन्दा बढी मूल्य पर्ने कृषि यन्त्र खरिद गर्न सक्नेछन तर उक्त कृषि यन्त्र खरिद गरे वापत दफा (१२) मा तोकिएको भन्दा अतिरिक्त रकम कार्यालयले उपलब्ध गराउने छैन।

## परिच्छेद – ७

## विविध

**१३. संशोधन वा हेरफेरः** कार्यपालिकाले यस कार्यविधि अनुसारका समितिहरूसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**१४. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

**(दफा ६(२) सँग सम्बन्धित)**

## कृषि यन्त्रमा अनुदान कार्यक्रमको लागि आवेदन

मितिः-

श्रीमान्, कृषि विकास शाखा प्रमुख ज्यू,
बन्दीपुर गाउँपालिका,
बन्दीपुर तनहुँ।

विषय : कृषि यन्त्रमा अनुदान कार्यक्रममा सहभागी गराइदिने सम्बन्धमा।

प्रश्तुत विषयमा बन्दीपुर गाउँपालिका कृषि सेवा शाखाबाट कृषि यन्त्रमा अनुदानको लागि प्रकाशित सुचना अनुसार उक्त कार्यक्रममा .....................यन्त्रको अनुदानमा सहभागी गराइदिनुहुन तपसिलका कागजात संलग्न गरि यो निवेदन पेश गरेको छु।

निवेदक

नामथर...........

हस्ताक्षर..........

ठेगाना............

संलग्न कागजातहरू

क) वडा को सिफारिस
ख) रु........... को राजश्व तिरेको रसिद
ग) जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि
घ) व्यवसायदर्ता को प्रतिलिपि/प्रमाणपत्र को प्रतिलिपि।

## अनुसुची- २

### (दफा ८(२) सँग सम्बन्धित)

### मूल्याङ्कनका आधारहरू

| क्र.स. | सूचकहरू | अंक भार |
|---|---|---|
| १ | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| २ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | २० |
| ३ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | ० |
| ४ | समूहमा आउने कृषक | २० |
| | जम्मा | ५० |

## अनुसुची- ३

### (दफा ८(४) सँग सम्बन्धित)

### अनुदान ग्राही र कार्यालय बीच "कृषि यन्त्रमा अनुदान कार्यक्रम " को लागि सम्झौता

बन्दीपुर गाउँपालिका आ.व..................को कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि यन्त्रमा अनुदानको लागि बन्दीपुर गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र अनुदान ग्राही (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तको अधिनमा रही यो सम्झौता गरिएको छ।

शर्तहरू:

१) कार्यालयबाट निर्धारित स्पेसिफिकेसन अनुसारको मेसिनरी (टिलर)/कुटानी पिसानी/…………….. खरिद दोस्रो पक्षले मेसिनेरी फर्म वा आधिकारिक विक्रेता बाट गर्नु पर्नेछ।

२) कार्यालयले स्वीकृत स्पेशीफिकेसन र लागत अनुमान अनुदान ग्राहीलाई प्रदान गर्नुपर्ने छ।

३) सम्झौता गरेको १५ दिन भित्र दोस्रो पक्षले कृषि यन्त्र खरिद गर्नु पर्नेछ।

४) अनुदानग्राहीले कार्यालयले तोकेको मितिमा कृषि यन्त्र खरिद गरि उक्त यन्त्र सार्वजनिकरण गराई वडा स्तरीय अनुगमन समितिबाट गाउँपालिका स्तरीय सिफारिस समिति मार्फत भुक्तानीका लागि बिल भर्पाई  र सार्वजनिकरणको २ प्रति फोटो सहित शाखामा पेश गर्नुपर्नेछ।

५) कार्यविधि मा उल्लेख भए अनुसारको खरिद मूल्यको ५०% अनुदान (वा कार्यपालिकाबाट तोकिए बमोजिमको निश्चित रकम) दोस्रो पक्षले नियमानुसार भुक्तानी प्राप्त गर्नेछ।

६) पहिलो पक्षले तोकिएको प्राविधिकले सम्झौता अनुसार औजार उपकरण खरिद गरे नगरेको अनुगमन गर्नेछ. दोस्रो पक्षले सम्झौता अनुसारका कार्यहरु नगरेको पाइएमा सम्झौता खारेज गर्न सकिने छ।

७) अनुदान प्राप्त गरिसकेपछि दोस्रो पक्षले मेसिनेरीको गलत प्रयोग वा विक्री गरेमा गरेमा पहिलो पक्षले भविष्यमा कुनै अनुदानका कार्यक्रममा दोस्रो पक्षलाई  सहभागी गराउने छैन र नियमानुसार कारवाही व्यहोर्नुपर्ने छ।

८)यस सम्झौतामा उल्लेख भएको व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

लाभग्राहीको तर्फबाट

नाम:

ठेगाना :

दस्तखत :

मिति :

सम्पर्क नं:

कार्यालय को तर्फ बाट

नाम:

पद :

दस्तखत :

मिति :

सम्पर्क नं:

**अनुसुची- ४**
**(दफा ११(१) सँग सम्बन्धित)**
**अनुदान रकम भुक्तानीको लागि निवेदन**

मिति:-

श्रीमान्, प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बन्दीपुर गाउँपालिका,
बन्दीपुर, तनहुँ

विषय :- अनुदान रकम उपलब्ध गराइदिने सम्बन्धमा।

प्रश्तुत विषयमा बन्दीपुर गाउँपालिकाबाट कृषि यन्त्रमा अनुदान कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार आवेदन पेश गरेको र उक्त कार्यक्रममा छनौट भई निम्न अनुसारको कृषि यन्त्र खरिद गरि सार्वजनिकरण तथा वडा स्तरीय समितिबाट अनुगमन समेत गराई आवश्यक कागजात यसैसाथ संलग्न गरि अनुदान रकम भुक्तानीको लागि यो निवेदन पेश गरेको छु।

अनुदानमा खरिद गरेको कृषि यन्त्रको विवरण

| क्र. स | कृषि यन्त्रको नाम | संख्या | स्पेशिफिकेशन (संक्षेपमा) | कुल लागत अनुमान रू. | कार्यालयबाट प्राप्त हुने अनुदान रकम रू. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

संलग्न कागजातहरू

१) सामग्री खरिदको VAT बिल
२) कार्यालयबाट प्रदान गरिएको स्पेशिफिकेशन सहितको सम्झौता पत्र
३) सार्वजनिकिकरण गर्दाको फोटो – २ प्रति
४) वडा स्तरीय र गाउँपालिका स्तरीय समितिको सिफारिस
५) कृषि शाखाबाट सिफारिस
६) खाता रहेको बैंकको नाम र खाता नम्वर: .......................................................

निवेदक
नाम
ठेगाना
हस्ताक्षर

**आज्ञाले**
**महेश सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**